मनहरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल

# दोस्रो त्रैमासिक (कार्तिक - पुस, आ.व. २०८२/८३)

# प्रगति समीक्षा तथा सार्वजनिक विवरण प्रतिवेदन

# १. परिचय, निकायको स्वरुप र प्रकृति

साविक मनहरी गा.वि.स. र हाँडीखोला गा.वि.स. लाई समावेश गरी ९ वटा वडाहरु कायम गर्दै मिति २०७३/११/२७ मा मनहरी गाउँपालिकाको स्थापना गरिएको हो। पूर्वमा हेटौंडा उपमहानगरपालिका, पश्चिममा राप्ती नगरपालिका, उत्तरमा राक्सिराङ गाउँपालिका र दक्षिणमा पर्सा जिल्ला तथा पर्सा राष्ट्रिय निकुञ्जसँग जोडिएको यस गाउँपालिकाको कुल क्षेत्रफल १९९.५२ वर्ग कि.मि. र जनसंख्या ४७,३५३ रहेको छ।

क्षेत्रफलको हिसाबले सानो भएतापनि अधिक जनसंख्या र विविधतायुक्त भूगोल भएकाले भौगोलिक दृष्टिकोणले विकास व्यवस्थापनमा केही जटिलता रहेता पनि समृद्धिका प्रशस्त सम्भावना र स्रोतहरु उपलब्ध छन्। स्थानीय तह निर्वाचन २०७९ पश्चात गठित जनप्रतिनिधि तथा विषयगत शाखाहरुमार्फत सुशासन, पारदर्शिता र सार्वजनिक जवाफदेहितालाई उच्च प्राथमिकतामा राखी ९ वटै वडा कार्यालय तथा कार्यपालिकाको कार्यालयबाट चुस्त, दुरुस्त र प्रविधिमैत्री सेवा प्रवाह भइरहेको छ।

# २. निकायको काम, कर्तव्य र अधिकार

नेपालको संविधान २०७२ को धारा ५७ तथा अनुसूची ८ ले व्यवस्था गरे बमोजिम local autonomy (स्थानीय स्वायत्तता) को मर्म अनुसार मनहरी गाउँपालिकाले आफ्नो एकल तथा साझा अधिकार क्षेत्र भित्रका नीति, ऐन, नियम, तथा बजेट तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ।

गाउँपालिकाका प्रमुख काम, कर्तव्य र अधिकारहरु निम्नानुसार रहेका छन्ः

- स्थानीय कानुन, नीति, योजना तथा बजेट निर्माण र कार्यान्वयन।
- आन्तरिक राजश्व सङ्कलन, वित्तीय व्यवस्थापन तथा सुशासन प्रवर्धन।
- आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी, तथा कृषि/पशुपन्छी विकाससम्बन्धी कार्य।
- स्थानीय भौतिक पूर्वाधार (सडक, सिँचाइ, भवन, तटबन्ध) को निर्माण तथा मर्मत सम्भार।
- न्यायिक अधिकार क्षेत्रको प्रयोग गरी स्थानीय विवाद निरुपण तथा कानुनी सहायता।
- सामाजिक सुरक्षा, लक्षित वर्ग सशक्तीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन।

## ३. निर्णय गर्ने प्रकृया, जिम्मेवार अधिकारी र उजुरी सुन्ने व्यवस्था

| विषय / कार्यक्षेत्र | जिम्मेवार अधिकारी / निकाय |
| --- | --- |
| नीतिगत तथा दीर्घकालीन निर्णय | गाउँ कार्यपालिका (गाउँ सभा / कार्यपालिका बैठक) |
| प्रशासनिक, वित्तीय तथा कार्यान्वयन सम्बन्धी निर्णय | प्रमुख प्रशासकीय अधिकृत |
| सूचना अधिकारी तथा उजुरी सुन्ने अधिकारी | वरिष्ठ शाखा अधिकृत / सम्बन्धित तोकिएका अधिकारी |

## ४. दोस्रो त्रैमासिकमा सम्पादित प्रमुख कार्यहरु तथा प्रगति विवरण

कार्तिक देखि पुस महिना सम्मको अवधिमा गाउँपालिकाबाट विभिन्न क्षेत्रमा सम्पादित मुख्य मुख्य प्रगति विवरणहरु निम्नानुसार रहेका छन्:

- **पूर्वाधार विकास:** गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्य हालसम्म ६५ प्रतिशत र मनहरी अस्पताल भवन निर्माणको कार्य ६५ प्रतिशत सम्पन्न भएको।
- **स्वास्थ्य तथा पोषण:** गर्भवती तथा सुत्केरी महिलाहरुको पोषण सुधारका लागि पोषण प्याकेट वितरण गरिएको तथा वडास्तरमा निःशुल्क भिडियो एक्स-रे (USG) सेवा निरन्तर सञ्चालन गरिएको। कडा रोग लागेका ३२ जना व्यक्तिहरुलाई जनही रु. ५,००० का दरले थप उपचार खर्च उपलब्ध गराइएको।
- **सामाजिक सुरक्षा:** गाउँपालिका भित्रका कुल ४,०३५ जना सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई बैंकिङ प्रणाली मार्फत भुक्तानीका लागि सिफारिस तथा व्यवस्थापन गरिएको।
- **कृषि तथा पशु सेवा:** उत्पादनमा आधारित दूध प्रोत्साहन अनुदान अन्तर्गत १६०० जना कृषकहरुलाई प्रति लिटर रु. ३ का दरले प्रोत्साहन रकम उपलब्ध गराइएको। महामारीजन्य रोग नियन्त्रणका लागि २५९ वटा पशुहरुको निःशुल्क खोप तथा उपचार गरिएको। माटो परीक्षण ल्याब मार्फत सेवा निरन्तर प्रदान गरिएको।

- **खरिद तथा योजना व्यवस्थापनः** कार्तिक-पुस अवधिमा मनहरी वडा नं ३ भवन, वडा नं ८ बगरटोल सिँचाइ योजना, लामिटार चकरी सडक, औषधि खरिद, मल्चिङ प्लास्टिक, र तल्लो मसिने खानेपानी गरी ६ वटा ठूला योजना तथा खरिदको बोलपत्र (Tender) आह्वान गरिएको।

## ५. निर्मित ऐन, नियम, विनियम तथा निर्देशिकाहरु

सुशासन तथा कानुन निर्माणतर्फ गाउँपालिकाले चालु आवमा देहाय बमोजिमका ऐन, कार्यविधि तथा मापदण्डहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छः

| क्र.सं. | ऐन, नियम, विनियम तथा कार्यविधिको नाम | कैफियत / स्थिति |
|---|---|---|
| १ | मनहरी गाउँपालिका भू-उपयोग जग्गा वर्गीकरण आधार तथा मापदण्ड-२०८१ | स्वीकृत भई कार्यान्वयनमा |
| २ | टोल विकास संस्था संचालन कार्यविधि २०७५ (पहिलो संशोधन २०८२) | कार्यान्वयनमा |
| ३ | विपन्न वर्ग अन्तिम संस्कार आर्थिक सहयोग सम्बन्धी कार्यविधि, २०८२ | स्वीकृत |
| ४ | आर्थिक ऐन, २०८२ (पहिलो संशोधन) | लागू गरिएको |
| ५ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२ | लागू गरिएको |

## ६. आम्दानी, खर्च तथा वित्तीय विवरण (२०८२/०४/०१ देखि २०८२/०९/३०)

दोस्रो त्रैमासिक (पौष मसान्त) सम्मको गाउँपालिकाको आय तथा व्ययको संक्षिप्त वित्तीय स्थिति निम्न तालिकामा प्रस्तुत गरिएको छः

### क) आय / राजश्व विवरण (प्रमुख शीर्षकहरु)

| राजश्व शीर्षक / अनुदान | बजेट विनियोजन (रु.) | प्राप्ति / आम्दानी (रु.) | प्रगति % |
|---|---|---|---|
| वित्तीय समानीकरण अनुदान (सङ्घ/प्रदेश) | १३,७८,३०,०००.०० | ६,८९,१५,०००.०० | ५०.००% |
| सशर्त अनुदान (चालु तथा पुँजीगत) | २३,३९,००,०००.०० | १०,४२,७६,०००.०० | ४४.५८% |
| राजश्व बाँडफाँड (मूल्य अभिवृद्धि/अन्तःशुल्क) | १३,७५,५३,५३६.०० | ५,७७,२९,५१०.५८ | ४१.९७% |
| दहत्तर बहत्तर विक्रीबाट प्राप्त आय | १७,९९,२६,४६४.०० | १,०६,२०,८४७.०२ | ५.९०% |
| आन्तरिक राजश्व (सम्पत्ति, भूमिकर, बहाल, दस्तुर आदि) | ३,५०,००,०००.०० | १,२०,००,०००.०० (लगभग) | ३४.२८% |
| बैंक मौज्दात / अन्य हस्तान्तरण | ६,००,००,०००.०० | ५,७४,६१,१०३.०७ | ९५.७७% |

### ख) व्यय / खर्च विवरण (प्रमुख शीर्षकहरु)

| खर्चको शीर्षक | बजेट विनियोजन (रु.) | हालसम्मको खर्च (रु.) | वित्तीय प्रगति % |
|---|---|---|---|
| कर्मचारी पारिश्रमिक तथा सुविधा | ६,६०,७१,०००.०० | ३,५४,५६,४३५.५८ | ५३.६६% |
| पदाधिकारी पारिश्रमिक तथा बैठक भत्ता | ९५,००,०००.०० | ५५,००,०००.०० (लगभग) | ५७.८९% |
| करार सेवा तथा कार्यालय सञ्चालन खर्च | १६,१५,२४,७००.०० | ६,८७,२०,१०४.०० | ४२.५४% |
| कार्यक्रम तथा सामाजिक सहायता खर्च | १४,९७,२३,०३२.०० | ३,५२,६९,२४९.०० | २३.५६% |
| सडक तथा पूल निर्माण (पुँजीगत) | १२,२३,७६,०००.०० | १,६२,०९,७०१.०० | १३.२५% |
| गैर आवासीय भवन निर्माण | १०,३५,४५,०००.०० | २,९८,८४,१०१.०० | २८.८६% |
| सिँचाइ, खानेपानी तथा पूर्वाधार | ५,००,००,०००.०० | ४५,००,०००.०० (लगभग) | ९.००% |

## ७. योजना तथा कार्यक्रमहरुको कार्यान्वयन स्थिति

आश्विन देखि पौष मसान्त सम्ममा योजना तथा कार्यक्रम कार्यान्वयनमा हासिल भएको भौतिक तथा वित्तीय स्थिति निम्नानुसार रहेको छः

- कुल विनियोजित योजना संख्याः १८१ (संशोधित/कायम योजनाः १९५, रकम रु. ८,५४,३६,८०८/-)
- उपभोक्ता समितिसँग सम्झौता भएका योजना संख्याः ६२ (३१.७९% भौतिक प्रगति, रकम रु. ३,८२,३८,८३१/-)

• फरफारक (सम्पन्न) भएका योजना संख्याः ७ (११.२९% फरफारक दर, फरफारक रकम रु. २९,८४,५८१/-)

दोस्रो त्रैमासिकको अन्त्यसम्ममा बहुसंख्यक योजनाहरुको सम्झौता भई कार्यान्वयनको चरणमा रहेकाले तेस्रो तथा चौथो त्रैमासिकमा योजना फरफारक र भुक्तानीको दर द्रुत गतिमा बढ्ने अपेक्षा गरिएको छ।

## ८. वैदेशिक सहायता, सूचनाको प्रवर्धन तथा अन्य विवरण

• वैदेशिक सहायता तथा अनुदानः चालु आर्थिक वर्ष २०८१/८२ तथा २०८२/८३ मा मनहरी गाउँपालिकाले कुनै पनि वैदेशिक सहायता, ऋण वा प्राविधिक सहयोग सिधै प्राप्त नगरेको।

• सूचनाको वर्गीकरण तथा प्रकाशनः सूचनाको हक सम्बन्धी ऐन बमोजिम सूचनाहरु अद्यावधिक गरी गाउँपालिकाको आधिकारिक वेभसाईट (www.manaharimun.gov.np) तथा त्रैमासिक बुलेटिन मार्फत सार्वजनिक गर्ने गरिएको।

• सम्पर्क तथा सेवा प्रवाहः गाउँपालिका कार्यालय रजैया, मकवानपुर मार्फत नियमित सार्वजनिक सुनुवाइ तथा सूचना प्रवाह प्रवर्धन गरिएको।

## ९. निष्कर्ष तथा आगामी कार्यदिशा

मनहरी गाउँपालिकाले दोस्रो त्रैमासिक अवधिमा प्रशासनिक, सामाजिक, स्वास्थ्य, कृषि तथा पूर्वाधारका क्षेत्रमा सन्तोषजनक प्रगति हासिल गरेको छ। विशेष गरी प्रमुख प्रशासकीय भवन तथा अस्पताल भवन निर्माणमा ६५% प्रगति हासिल हुनु र उत्पादनमा आधारित अनुदान तथा निःशुल्क स्वास्थ्य सेवा प्रभावकारी हुनु मुख्य उपलब्धि हुन्।

आगामी दिनमा सडक, सिँचाइ तथा पूर्वाधार योजनाहरुको ठेक्का तथा उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यलाई तीव्रता दिई असार मसान्त अगावै शतप्रतिशत बजेट तथा भौतिक प्रगति हासिल गर्ने लक्ष्य राखिएको छ।

आज मिति २०८२/१०/१५ गते बिहिबार आ.व. २०८२/८३ मा सञ्चालित योजना तथा कार्यक्रमहरुको दोस्रो त्रैमासिक/अर्धवार्षिक समिक्षा कार्यक्रम यस मनहरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवेदी ज्यूको अध्यक्षता साथै गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेती ज्युको प्रमुख आतिथ्यता र गाउँपालिका उपाध्यक्ष श्री सीता पुलामी मगर ज्युको विषेश आतिथ्यता मा तपसिल बमोजिमका शाखा/उपशाखा प्रमुखज्युहरु लगायतका कर्मचारीको उपस्थितीमा सञ्चालन गरियो ।

उपस्थितिहरु :-

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रन्जन कालाखेती | अध्यक्ष, प्रमुख अतिथी | |
| २. | श्री सीता पुलामी मगर | उपाध्यक्ष, विशेष अतिथी | |
| ३. | श्री रमेश सुवेदी | प्र.प्र.अ /कार्यक्रम अध्यक्ष | |
| ४. | श्री राजेन्द्र भट्टराई | वरिष्ठ लेखा अधिकृत | |
| ५. | श्री अन्जना सुवेदी | वरिष्ठ शाखा अधिकृत | |
| ६. | श्री प्रदिप पराजुली | वरिष्ठ विद्यालय निरीक्षक | |
| ७. | श्री प्रतिषा चौधरी | कृषि अधिकृत | |
| ८. | श्री राजेन्द्र प्र. पोखरेल | योजना शाखा | |
| ९. | श्री ज्ञानेन्द्र ढकाल | सामाजिक विकास शाखा | |
| १०. | डा. प्रदिप बर्तौला | पशु विकास अधिकृत | |
| ११. | खिलाकुमारी आचार्य | वित्तीय साक्षरता सहजकर्ता | |
| १२. | सुनिता लुइटेल | रोजगार संयोजक | |
| १३. | रेखा सापकोटा | व्यापार सहजकर्ता | |
| १४. | ओमीर दाहाल | ४ नं वडा सचिव | |
| १५. | श्यामहरि फुयाल | ६ नं वडा सचिव | |
| १६. | शान्ती अधिकारी | " " " " | |
| १७. | भुवन प्रसाद भट्टराई | सहायक पशु वि. अ. पशुपन्छी शाखा | |
| १८. | रञ्जना ढंगाल | उद्यम विकास शाखा | |
| १९. | दिलीप कु. कुशवाहा | ८ नं. वडा सचिव | |
| २०. | आशिष मल्ल | सू.प्र.अ | |
| २१. | अशोक बर्तौला | MES अपरेटर | |
| २२. | शिव नारायण साह | कृषि स्नातक | |
| २३. | केशव द्विवेदी [illegible] | सि. इ. अ. | |
| २४. | सुशील भण्डारी | ६ नं [illegible] | |
| २५. | प्रमोद अधिकारी | रोजगार सहायक | |
| २६. | विदुर पाठक | वडा सचिव ५ नं वडा | |
| २७. | दिया बलात | व्यक्तिगत सहयोगी | |
| २८. | सिर्जना बर्तौला | अ.हे.व. | |
| २९. | [illegible] | व्यक्तिगत सहयोगी | |

| | | | |
|---|---|---|---|
| ३०. | लक्ष्मी चेपाङ | व्यवस्थापक | [signature] |
| ३१. | लक्ष्मण अधिकारी | प्र. जि. नि. शिक्षा | [signature] |
| ३२. | लिला मैनाली | योजना शाखा | [signature] |
| ३३. | सुशिला आचार्य | प्राविधिक शाखा | [signature] |
| ३४. | राजु बरही | प्राविधिक शाखा | [signature] |
| ३५. | संगिता सापकोटा | अ.प्र. | [signature] |
| ३६. | देवेन्द्र ब प्रधान | " " | [signature] |
| ३७. | शान्ति व. वानिया | शु.क.अ. | [signature] |
| ३८. | मुकेश कोइराला | [illegible] | [signature] |
| ३९. | सोजन थापा | वडा सचिव २ नं. | [signature] |
| ४०. | प्रमोद कुमार चौधरी | अमिन | [signature] |
| ४१. | तेकराम चौधरी | सहायक इन्जिनियर | [signature] |
| ४२. | | | |
| ४३. | | | |
| ४४. | | | |
| ४५. | | | |
| ४६. | | | |
| ४७. | | | |
| ४८. | | | |
| ४९. | | | |
| ५०. | | | |
| ५१. | | | |
| ५२. | | | |
| ५३. | | | |
| ५४. | | | |
| ५५. | | | |
| ५६. | | | |
| ५७. | | | |
| ५८. | | | |
| ५९. | | | |
| ६०. | | | |
| ६१. | | | |
| ६२. | | | |
| ६३. | | | |
| ६४. | | | |
| ६५. | | | |
| ६६. | | | |
| ६७. | | | |
| ६८. | | | |
| ६९. | | | |